जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १८६ २०७८ साल फागुन ११ गते बुधबार (23 Feb. 2022 Wednesday) मूल्य रु. ५/-

लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन । परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरूवात आफैबाट गर्नुपर्दछ । परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : पूर्वाधार निर्माणमा सफल... ३ पृष्ठमा : जनताले तिर्न सक्ने गरी... ३ पृष्ठमा : ब्राजिलमा बाढी पहिरोबाट ...

## काँग्रेसको संस्थापन पक्षबाट यादवको सभापतीमा उम्मेदवारी



**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन ।**

नेपाली काग्रेस सप्तरीको अगामी फागुन १५ गते हुने जिल्ला अधिवेशनका लागी संस्थापन पक्षबाट शत्रुघन यादवको सभापती पदमा नाम घोषणा गरिएको छ ।

पार्टीका केन्द्रीय सदस्य समेत रहेका वर्तमान जिल्ला सभापती दिनेश कुमार यादवको उपस्थितीमा मंगलबार एक कार्यक्रमबीच नाम घोषणा गरिएको हो ।

पार्टीको जिल्ला कार्य समितीको सचिव समेत रहेका यादवलाई विजयी गराउन केन्द्रिय सदस्य यादवले उक्त कार्यक्रम बीच आग्रह गरे । संस्थापन पक्षबाट निर्मला यादव, भगवती प्रसाद यादव र राम प्रसाद मण्डल पनि सभापती पदका लागी दाबेदारी गर्दै आएपनि साझा उम्मेदवारका रुपमा शत्रुघन यादवको नाम प्रस्तुत गरेको केन्द्रिय सदस्य यादवको भनाई थियो ।

पार्टी प्रवक्ता प्रभात कुमार ललनले शत्रुघन यादवको नेतृत्वमा पुरै प्यानल सहित उम्मेदारी दिईने र अन्य पदका उम्मेदवारको चयन गर्ने काम दुई दिन भित्रै सकिने जानकारी दिए ।

जिल्ला उपसभापती भुवन आर्चायको अध्यक्षतामा आयोजित कार्यक्रममा काँग्रेसको क्षेत्र नं. १ का सभापती ललन प्रसाद गुप्ता, क्षेत्र नं.२ का सभापती महानन्द यादव, क्षेत्र नं ३ का सभापती भुपेन्द्र यादव मधेश प्रदेशका सहमहामन्त्री परशुराम चौधरी, प्रदेश सभा सदस्य मो.समिम, गिता यादव, संविधान सभा सदस्य डा.सुबोध पोखरेल, सुरेन्द्र यादव लगायतले पनी बोल्दै पार्टी हितका लागी संस्थापन पक्षाका उम्मेदवार यादव नेतृत्वको टिमलाई जिताउनु पर्नेमा जोड दिएका थिए ।

कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत जिल्लामा वडा, गाउँ, नगर, प्रदेश र केन्द्रका प्रतिनिधीका लागी भएको निर्वाचनमा अधिकाँश देउवा पक्षका निर्वाचित भएका छन् ।

यता संस्थापन इतर पक्षबाट पनि एक दुई दिन भित्रै उम्मेदवार घोषणा गरिने तयारी भईरहेको इतर पक्षका नेताहरुले बताएका छन् ।

## लोसपा सप्तरीको ७६ सदस्यीय जिल्ला कार्यसमिति बिस्तार

**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल सप्तरीको ७६ सदस्यीय जिल्ला कार्यसमिति बिस्तार गरिएको छ ।

पार्टीका जिल्ला अध्यक्ष सुनिल कुमार झाको अध्यक्षतमा मंगलबार बसेको बैठकले तीन उपाध्यक्ष, एक सचिव, तीन सहसचिव, एक कोषाध्यक्ष, ६ जना कार्यकारिणी सदस्य गरि ७६ जनाको कार्यसमिति बिस्तार गरिएको जारि विज्ञप्तिमा उल्लेख छ ।

बिस्तारित पार्टीको उपाध्यक्ष त्रेयमा बौआलाल शर्मा, तेजनारायण यादव र राजेन्द्र प्रसाद दासलाई नियुक्त गरिएको छ । त्यस्तै सचिवमा बिजय कुमार राय, सहसचिव त्रेयमा जयनारायण यादव, विद्यानन्द चौधरी, रन्जु कुमारी साह र कोषाध्यक्षमा मनोजकुमार झालाई नियुक्त गरिएको छ ।

यसैगरि कार्यकारिणी सदस्यहरुमा बिरेन्द्र कुमार यादव, शत्रुधन मण्डल, जिवछ मण्डल, अनारदेवी राम, लक्ष्मी देवी रजक, रबिन्द्र कुमार मण्डल तथा सदस्यहरुमा शुभचन्द्र झा, रघुनाथ मेहता, विष्णुप्रसाद गुप्ता लगायतका रहेका छन् ।

## माग सम्बोधन नभए निर्वाचन प्रक्रिया रोक्ने जनमतको चेतावनी



**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन ।**

डा. सिके राउत नेतृत्वको जनमत पार्टीले किसानसंग सम्बन्धित तथा निर्वाचन प्रक्रियामा सुधार सहितको पाँच बुंदे माग सम्बोधन नभए निर्वाचन प्रक्रिया रोक्ने चेतावनी दिएको छ ।

मंगलवार राजविराजस्थित जिल्ला निर्वाचन कार्यालयमा बुझाइएको ज्ञापन पत्रमार्फत सो चेतावनी दिएको हो ।

जिल्ला प्रशासन कार्यालय, निर्वाचन आयोगको कार्यालय र मन्त्री परिषद्को कार्यालयलाई बोधार्थ दिइएको ज्ञापन पत्रमार्फत माग पुरा नगरी निर्वाचन प्रक्रिया अघि नबढाउन भनिएको छ ।

पार्टीका जिल्ला अध्यक्ष चन्देश्वर मण्डलको अगुवाईमा निर्वाचन कार्यालयका प्रमुख रमेश जोशीलाई बुझाइएको ज्ञापन पत्रमा पार्टीले उठाउँदै आएको किसानको समस्या समाधानको ठोस पहल हुनु पर्ने, निर्वाचनका पदाधीकारी र कर्मचारी कुनै पनि दलको पक्षमा नलागी स्वतन्त्र र निष्पक्ष ढंगले निर्वाचन काममा खटिनु पर्ने, परिचय पत्र हराएका वा नष्ट भएका मतदातालाई नयाँ परिचय पत्र बनाउनु पर्ने र नागरिकताको आधारमा पनि मतदान गर्न पाउनु पर्ने व्यवस्था गर्न माग गरिएको छ ।

यस्तै निर्वाचन आयोगमा दर्ता रहेका र चुनाव चिन्ह पाईसकेका दलहरुलाई अगामी स्थानीय तहको निर्वाचनमा देशभरी सोही चुनाव चिन्हको आधारमा निर्वाचनमा भाग लिन पाउने व्यवस्था गर्नू पर्न लगायतका माग अघि सारिएको पार्टीका सप्तरी सचिव थानेश्वर प्रसाद साहले जानकारी दिएका छन् ।

ज्ञापन पत्र बुझाउन अघि जनमत पार्टी नेता कार्यकर्ताले सदरमुकाम राजविराजमा किसानसंग सम्बन्धित मागहरु अविलम्व पुरा गर्न माग गर्दै प्रर्दशन समेत गरेका थिए ।

## ट्राफिक प्रहरी जवान संजय मण्डलको दादागिरीले स्थानिय त्रसित



**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन ।**

ट्राफिक प्रहरी जवान संजय मण्डलको दादागिरीका कारण राजविराज नगरवासीले अनावश्यक दुःख झेल्नु परेको छ ।

बिना कारण सवारी चालकलाई दुःख दिने गरेका जवान मण्डलले आफूलाई दबंग प्रहरीको सूचीमा राख्न खोजेका छन् । सवारी चालकसँग आवश्यक कागजात रहँदा रहँदै पनि उनी कुनै अन्य वहानामा जसरी पनि सवारीसाधन नियन्त्रणमा लिने गरेको जसपाका नेता नवनित झाले बताए ।

ट्राफिक श्रोतका अनुसार उनी ट्राफिक प्रहरी प्रमुखसँग सवारीसाधनको बढी चाप हुने स्थानमा आफ्नो ट्युटी पार्दै आएका छन् । सवारीसाधन बढी गुड्ने नाकामा उनी सवारीलाई रोक्दै जुनसुकै पनि त्रृटी देखाएर रकम असुल गर्न खप्पिस छन् ।

चेकजाँचको नाममा मनपर्दी र एकलौटी तरिकाले रकम असुल गरि माथिल्लो निकायसम्म पुऱ्याउन खप्पिस रहेका ट्राफिक जवान मण्डल राजविराजको मुख्य नाका रुपनी मोड तथा जनआन्दोलन चौकमै ड्यूटीमा देखिने गरेका छन् ।

रातीको समयमा ड्युटी गर्न उनी एक्लै तथा केही प्रहरी जवानसँग देखिन्छन् । रातीको समयमा मौका छोपी प्राय मोटरसाइकल चालकको कागजात चेकजाचको नाममा रकम असुली गर्ने गरेको स्थानियको दावी छ । रातीकै समयमा इमरजेन्सीमा गइरहेका मोटरसाइकल चालकको व्यवहारिक कुरा समेत नसुनी रु. १०० देखी ५०० सम्म रकम लिई छोड्ने गरेको श्रोतको दाबी छ ।

यसरी खुलेआम राजविराज नगर क्षेत्रमा एउटा ट्राफिक जवानको मनपरी र दादागिरिप्रति जिल्ला ट्राफिक प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालय सप्तरी मौन रहेको छ ।

## सम्पादकीय

# ट्राफिक प्रहरीले व्यवहार परिवर्तन गर्ने तर्फ ध्यान पुर्‍याओस

जिल्लामा ट्राफिक व्यवस्था चुस्त दुरुस्त बनाउन ट्राफिक प्रहरी खटाइएको छ । तर, ती ट्राफिक प्रहरीले व्यवस्था दुरुस्त गर्नुको साटो जनतालाई अनावश्यक दुःख दिने गरेका छन् । मुस्कान सहितको प्रहरी सेवा, प्रहरी हाम्रो साथी लगायतका अनेकौं नारा ल्याउने कार्य गरे पनि ट्राफिक प्रहरीको व्यवहार भने अझै सुधिन सकेको छैन । अहिले ट्राफिकको काम ट्राफिक व्यवस्था सुधार गर्नुको साटो अधिकांश समय सवारीसाधन चेकजाचमै बित्ने गरेको छ । त्यो पनि अव्यवहारिक र गैरकानुनी रुपले । चेकजाचको नाममा सम्पूर्ण कागजात रहँदा रहँदै पनि आफुअनुकुल कारवाही गर्ने गरेको पाइएको छ ।

यस बाहेक सवारी अनुमति पत्र हुँदा हुँदै पनि कुनै न कुनै बहानामा सवारीदातालाई दुःख दिने गरेको पाइएको छ । यसरी अनावश्यक रुपमा दुःख दिने कार्यले बढ्दै गएको छ । हुन त चेकजाच गर्नु सकारात्मक पक्ष हो । तर, त्यसको नाममा जताभावी गर्नु उचित होइन् । कहिलाकाही व्यवहारिक कुरा बुझ्ने पनि उत्तिकै जरुरी छ । तालि एक हातले नबज्ने कुरा सर्वविधितै रहेपनि त्यसप्रति ध्यान नदिनु विडम्बना हो ।

तसर्थ ट्राफिक प्रहरीले आचारणदेखी व्यवहारसमेत परिवर्तन गर्न अहिलेको आवश्यकता हो भने कानुन बमोजिम कार्य गर्नु दायित्व हो ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पूर्वाधार निर्माणमा सफल हुँदै मधेश प्रदेश

**राजु विश्वकर्मा**

जनकपुर, १० फागुन (रासस) ।

केही वर्षअघिसम्म पूर्वाधार विकासमा पछाडी परेको मधेस प्रदेशमा पछिल्लो समय तीव्र गतिमा पूर्वाधार निर्माण भएका छन् । भौतिक पूर्वाधारको विस्तारसँगै प्रदेशवासी पनि खुसी भएका छन् ।

प्रदेश सरकार गठन भएको चार वर्षको अवधिमा मधेश प्रदेशले सडक विस्तार तथा स्तरोन्नति, प्रशासकीय संरचना, विद्यालय, स्वास्थ्य सेवा, कृषि, सिँचाइलगायत पूर्वाधार निर्माणको क्षेत्रमा ठूलो फड्को मारेको हो । सो अवधिमा प्रदेशको आठवटै जिल्लामा एक हजार ६२३ किलोमिटर सडक विस्तार भएको जनाइएको छ ।

प्रादेशिक भौतिक पूर्वाधार मन्त्रालयका अनुसार प्रदेशभर २२४ किलोमिटर सडक कालोपत्र, २३७ किलोमिटर सडक ढलान, ९३७ किलोमिटर सडक ग्राभेल र २२५ किलोमिटर कच्ची सडक निर्माण गरिएको थियो ।

सडक निर्माण भएसँगै सवारीसधान सञ्चालनमा सहज भएको भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवले बताउनुभयो । सोही अवधिमा ३२ पुल र २९२ कल्भर्ट निर्माण गरी सञ्चालनमा ल्याइसकेको उहाँले जानकारी दिनुभयो । "हामीले सडक, खानेपानी, सिँचाइलगायत पूर्वाधार निर्माणलाई तीव्रता दिएका छौं", मन्त्री यादवले भन्नुभयो, "सडक र पुल निर्माणलाई तीव्रता दिएसँगै यातायातका साधन सञ्चालनमा सहज भएको छ ।"

केही वर्षभित्रै प्रदेशका अधिकांश सडक कालोपत्र गरिसक्ने लक्ष्य लिइएको उहाँको भनाइ थियो । सरकारको नीति तथा कार्यक्रममा रहेका झोलुङ्गे पुलमध्ये तीनवटा निर्माण भइसकेको र बाँकी सात निर्माणको चरणमा रहेको जनाइएको छ । आठवटै जिल्लाका विभिन्न स्थानमा जनता आवास कार्यक्रममार्फत नौ हजार ४५ जनता आवास भवन, नौ सरकारी भवन तथा ९७ सामुदायिक भवन निर्माण गरिएको थियो ।

केही दिनअघि प्रदेश सरकारले सार्वजनिक गरेको चारवर्षे उपलब्धि प्रतिवेदनमा सिँचाइतर्फ २४ हेडवक्स, १७४ किलोमिटर कच्ची नहर, २९ किलोमिटर पक्की नहर र ७८ किलोमिटर तटबन्ध निर्माण गरिएको उल्लेख छ ।

उक्त मन्त्रालयका अनुसार सो अवधिमा तटबन्ध निर्माण गरी प्रदेशभर आठ हजार ७४ हेक्टर खेतीयोग्य जग्गा संरक्षण गर्नाका साथै ५३ किलोमिटर बस्ती संरक्षण र २६ किलोमिटर घाट निर्माण गरिएको मन्त्रालयका सचिव दीपककुमार दासले जानकारी दिनुभयो ।

यसबाहेक प्रदेशको ६४ वटै निर्वाचन क्षेत्रमा पाँच किलोमिटर सडक कालोपत्र गर्नका लागि बोलपत्र आह्वान भईसकेको उहाँको भनाइ थियो । शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्रलाई उच्च प्राथमितताामा राखेको प्रदेश सरकारले आठवटै जिल्लाका विभिन्न स्थानमा ६० बर्थिङ सेन्टर, ७६ सामुदायिक भवन, १८ धर्मशाला, तीन योग भवन, दुई शिशु सदन, २० खेलमैदान, पाँच छात्रावास, २२ विद्यालय भवन, तीन बृद्धाश्रम, नौ रङ्शाला, तीन कभर्डहल, दुई अस्पताल, दुई पुस्तकालय, सात मदरसा, तीन मस्जिद, एक बालगृह र दुईवटा शौचालय निर्माण गरिएको जनाइएको छ ।

सो अवधिमा प्रदेशका विभिन्न जिल्लाको ३१ विद्यालय र दुई वृद्धाश्रम भवन मर्मत तथा स्तरोन्नति गरिएको थियो । पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मन्त्रालयले सबैभन्दा होचो स्थान धनुषाको मुखियापट्टी गाउँपालिकाको मुसहरनियाँमा भ्यू टावर निर्माणको काम अघि बढाउन लागेको छ ।

त्यसका लागि मन्त्रालयको प्राविधिक टोलीले मुसहरनियाँ पुगेर सम्भाव्यता अध्ययन गरिसकेको छ । भ्यू टावरसहित सो ठाउँलाई पिकनिक स्पोर्टको रूपमा विकास गर्नका लागि अध्ययन भइसकेको र छिट्टै अरु काम पनि अघि बढाइने मन्त्री यादवले जानकारी दिनुभयो ।

सरकार गठन भएदेखि नै प्रदेशको समग्र विकासलाई प्राथमिकतामा राखेर काम गरिरहेकाले प्रदेशको विकासमा सकारात्मक परिणाम देखापरेको प्रदेश सरकारका प्रवक्ता तथा आर्थिक मामिलामन्त्री शैलेन्द्रप्रसाद साहले बताउनुभयो । खानेपानी, सिँचाइ, सडक विद्युत्, पुल, भवनजस्ता आधारभूत भौतिक पूर्वाधार निर्माण तथा विस्तार गरी प्रदेशका जनतालाई सामाजिक एवं आर्थिकरुपले समृद्ध बनाउने उद्देश्यले पूर्वाधार निर्माणमा जोड दिइएको उहाँको भनाइ थियो ।

सहर र ग्रामीण भेगलाई जोड्न सडक पूर्वाधारलाई महत्व दिएर त्यहीअनुसारको योजना बनाइ सरकार अघि बढेको मन्त्री साहले बताउनुभयो । यसरी स्थापनाको छोटो अवधिमै प्रदेश सरकारले शिक्षा, स्वास्थ्यसँगै भौतिक पूर्वाधारमा महत्वपूर्ण उपलब्धि हासिल गरेकाले जनताको जीवनस्तर बढेको बुद्धिजीवीहरूले बताए ।

# बढ्यो निर्यात

काठमाडौं, १० फागुन (रासस) ।

चालु आर्थिक वर्ष २०७८/७९ को पहिलो सात महिनामा (साउनदेखि माघसम्म) निर्यातमा वृद्धि भएको छ । भन्सार विभागद्वारा मंगलबार सार्वजनिक तथ्याङ्कअनुसार ८८ दशमलव ३० प्रतिशतले स्वदेशी वस्तुको निर्यातमा वृद्धि भएको हो ।

सात महिनामा रु एक खर्ब ३१ अर्ब ६५ करोड ६० लाख बराबरको स्वदेशी वस्तुको निर्यात भएको छ । गत आवको सोही अवधिमा नेपालबाट रु ६९ अर्ब ९१ करोड १७ लाख बराबरको सामान निर्यात भएको थियो ।

चालु आवको सात महिनामा निर्यातसँगै आयातमा समेत वृद्धि भएको छ । सात महिनामा ४२ दशमलव ७८ प्रतिशतले आयातमा वृद्धि हुँदै रु ११ खर्ब ४७ अर्ब ४६ करोड ४४ लाखभन्दा बढीको आयात भएको छ । तथ्याङ्कअनुसार गत आवको सोही अवधिमा रु आठ खर्ब तीन अर्ब ६४ करोड ३१ लाख बढीको आयात भएको थियो ।

निर्यातको तुलनामा आयातमा वृद्धि हुँदा व्यापार घाटामा वृद्धि भएको छ । सोही अवधिमा रु एघार खर्ब बढीको आयात हुँदा ३८ दशमलव ४५ प्रतिशतले व्यापार घाटा बढेको छ ।

चालु आवको सात महिनामा नेपालको रु १० खर्ब १५ अर्ब ८० करोड ८४ लाख बराबरको वैदेशिक व्यापार घाटा व्यहोरेको छ । गत आवको सोही अवधिमा नेपालको रु सात खर्ब ३३ अर्ब ७२ करोड ६१ लाख बराबरको व्यापार घाटा व्यहोरेको थियो । यस्तैगरी चालु आवको सात महिनामै नेपालको वैदेशिक व्यापार ४६.४३ प्रतिशतले बढेको छ । यस अवधिमा रु १२ खर्ब ७९ अर्ब १२ करोड चार लाख बराबरको पुगेको विभागले जनाएको छ । तथ्याङ्कअनुसार गत आवको सोही अवधिमा रु आठ खर्ब ७३ अर्ब ५६ करोड बराबरको वैदेशिक व्यापार भएको थियो ।

सोही अवधिमा नेपालमा १४५ देशबाट रु ११ खर्ब ४७ अर्ब ४६ करोड ४४ लाख बढीको आयात भएको छ । तथ्याङ्कअनुसार यस अवधिमा सबैभन्दा धेरै आयात भारतबाट भएको छ । सात महिनामा नेपालले भारतबाट रु छ खर्ब ९६ अर्ब २४ करोड ४३ लाख बढीको आयात भएको छ भने रु एक खर्ब छ अर्ब ३५ करोड ८३ लाख बराबरको निर्यात भएको छ ।

नेपालको भारतसँग मात्रै रु पाँच खर्ब ८९ अर्ब ८८ करोड ६० लाख बढीको व्यापार घाटा व्यहोरेको छ । भारतपछि ठूलो मात्रामा आयात चीनबाट भएको छ । चीनबाट सात महिनामा रु एक खर्ब ६५ अर्ब २३ करोड ७७ लाख बराबरको आयात भएको छ भने रु ४८ करोड ७९ लाख १५ हजारको मात्र निर्यात भएको छ । चीनसँग मात्र रु एक खर्ब ६४ अर्ब ७४ करोड ९८ लाख बराबरको व्यापार घाटा रहेको छ ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल.** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के जी पाकेको गोवर मल पयोग गने वा १ ७ के जी डि एपी र १ के जी यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्वारमा जाली राखेर) ।

माछा भुरा फिंगरलिङ्गको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| विगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

वा

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५

# जनताले तिर्न सक्ने गरी मात्रै कर लगाउन स्थानीय तहलाई आग्रह

काठमाडौं, १० फागुन (रासस)।

प्रतिनिधिसभाको लेखा समितिका सभापति भरतकुमार साहले जनताले तिर्न सक्ने गरी मात्रै कर लगाउन स्थानीय तहलाई आग्रह गर्नुभएको छ।

गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालले मंगलबार आयोजना गरेको 'स्थानीय सरकारमा सार्वजनिक वित्त व्यवस्थापन' विषयक छलफल कर्यक्रममा उहाँले संविधानले कर उठाउने दायराको अधिकांश हिस्सा केन्द्र सरकारलाई दिए पनि स्थानीय तहले जनताले तिर्न सक्ने न्यूनतम् र जायज हुने खालका कर उठाउन सक्ने बताउनुभएको हो।

सभापति साहले कुखुराको अण्डा र ज्योतिषीलाई समेत महँगो कर लिइएको गुनासो आएकाले यसरी कर लिने जनप्रतिनिधि आगामी निर्वाचनमा जनताको परीक्षामा उत्तीर्ण हुन कठिन हुने जनाउनुभयो। "जनप्रतिनिधिले हामीले जे गरे पनि हुन्छ भन्ने भावनाले होइन, जनताका प्रतिनिधि हौं भन्ने भावनाले काम गर्नुपर्छ," उहाँले भन्नुभयो, "दीर्घकालीन योजनाका आधारमा बजेट तर्जुमा गरेर कानुनबमोजिम पारदर्शीरूपमा खर्च गरेमा बेरुजुका समस्या पनि आउने छैनन्।"

उहाँले स्थानीय तहमा प्रत्यायोजित अधिकारलाई अतिक्रमण हुने गरी केन्द्र र प्रदेश सरकारले कुनै कानुन बनाउन नहुनेमा जोड दिँदै लेखा परीक्षण गर्दा साना कारोबारभन्दा ठूला कारोबारमा विशेष ध्यान दिन महालेखा परीक्षणको कार्यालयलाई आग्रह गर्नुभयो।

नेकपा (एमाले) का सांसद घनश्याम खतिवडाले असारमा एकै पटक खर्च गर्ने विकृतिको अन्त्य गर्न पारदर्शी वित्त व्यवस्थापन प्रणालीलाई लागू गर्न आग्रह गर्नुभयो। उहाँले अनुदानमुखी बजेट प्रणालीबाट मुक्त भई प्राकृतिक स्रोत साधनको संरक्षण गर्ने गरी काम गर्न स्थानीय सरकारलाई आग्रह गर्नुभयो।

बागमती प्रदेशसभाका सदस्य रमेश पौडेलले शक्ति र पहुँचका भरमा योजना छनोट गर्ने प्रवृत्ति अन्त्य गर्न र सांसद विकास कोषलाई खारेज गर्न माग गर्नुभयो।

नायब महालेखा परीक्षक पदमराज पौडेलले लेखा परीक्षणका समस्या र सम्बोधनका लागि नयाँ सफ्टवेयर लागू गर्ने तयारी भएको जानकारी दिनुभयो। हाल मुलुकभर रु ४१ अरब बेरुजु रहेको छ। स्थानीय सरकारको बेरुजु पाँच प्रतिशतको हाराहारीमा रहेको छ।

अर्थ मन्त्रालयका सहसचिव बाबुराम सुवेदीले स्वीकृत नभएको खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहन गर्न आग्रह गर्नुभयो।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सहसचिव डा गोपीकृष्ण खनालले सार्वजनिक खरिद ऐनका जटिलतालाई फुकाउन र ठेक्का दिने प्रक्रियामा सुधार ल्याउन आवश्यक रहेको बताउनुभयो। महासङ्घका पूर्वअध्यक्ष कृष्णप्रसाद सापकोटाले मापदण्डबिनाका योजना लाद्ने कार्यले स्थानीय सरकारलाई काम गर्न कठिनाइ हुने उल्लेख गर्नुभयो।

# घरेलु महिला श्रमिक स्वदेश आएर पुनः फर्कन पाउने

काठमाडौं, १० फागुन (रासस)।

सरकारले विभिन्न मुलुकमा घरेलु कामदारका रूपमा रहेका नेपाली महिला श्रमिकलाई स्वदेश आएर पुनः फर्कन पाउने व्यवस्था गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले (मन्त्रिस्तरीय निर्णय गर्दै) रोजगारी गुम्ने डरले परिवार भेट्न नेपाल आउन नसकेका घरेलु कामदारलाई पुनः श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाएको हो।

खाडीलगायत मुलुकमा नेपाली महिलालाई घरेलु कामदारका रूपमा जान प्रतिबन्धलगायतका कारण वर्षौंदेखि ती देशमा काम गरिरहेका महिलाले पुनः रोजगारीमा जान नपाउने डरका कारण बिदामा घर आउन सकेका थिएनन्। वैदेशिक रोजगारीमा घरेलु कामदार पठाउने निर्देशिका, २०७२ को दफा २३ बमोजिम बाधा अड्काउ फुकाउने अधिकार प्रयोग गरी श्रममन्त्री कृष्णकुमार श्रेष्ठले अठ्चारोमा परेका महिलालाई पुनः श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था गर्नुभएको हो।

वैदेशिक रोजगारीमा घरेलु कामदार पठाउने निर्देशिकाअनुसार बनेको समन्वय समिति र मन्त्रालयले गठन गरेको अध्ययन समितिले पनि प्रतिबन्ध लाग्नुभन्दा पहिल्यैदेखि नै ती मुलुकमा घरेलु कामदारका रूपमा काम गरिरहेका र पछि अवैध रूपमा गएका महिलाहरू परिवार भेट्न नेपाल आउन नसकेको भन्दै उनीहरूको पक्षमा निर्णय गर्न सिफारिस गरेको थियो।

प्रतिबन्ध नलाग्दै खाडी पुगेका तथा पछि अवैध बाटोबाट गएका घरेलु कामदार रोजगारदाताको व्यवहार र कमाइ राम्रो भए पनि नेपाल फर्केपछि श्रम स्वीकृति नपाउने भएकाले आउन सकेका थिएनन्। पहिलेकै रोजगारदातासँग सम्झौता नवीकरण गरी बिदामा स्वदेश आई फर्कने वा पहिलेकै रोजगारदातासँग सम्झौता नवीकरण गरी रोजगारीमा जाने महिलालाई कानुनी सर्त पूरा गरेर पुनः श्रम स्वीकृति दिने र सम्बन्धित देशको नियोग र वैदेशिक रोजगार कार्यालयले उनीहरूको छुट्टै अभिलेख राख्ने व्यवस्था गरिएको छ। खाडीलगायत देशमा महिला कामदार पठाउन प्रतिबन्ध लगाएयता महिला अनौपचारिक मार्ग प्रयोग गरी विदेशिने गरेका छन्। जसले गर्दा उनीहरूलाई जबर्जस्ती श्रम र बेचबिखन जस्ता जोखिममा पारेको छ।

प्रतिबन्धका कारण महिलाहरू सुरक्षित हुनेभन्दा थप जोखिममा परेको मन्त्री श्रेष्ठको भनाइ छ। अवैध रूपमा गएका महिलाको कुनै अभिलेख नहुनु, शोषण, बेचबिखन तथा ठूलो सङ्ख्यामा श्रम गन्तव्य मुलुकमा अलपत्र परेका छन्।

विसं २०७३ चैत २० गते व्यवस्थापिका-संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले खाडी र अन्य मुलुकमा घरेलु कामदार पठाउन पूर्णरूपमा प्रतिबन्ध लगाउन निर्देशन दिएको थियो। सोही निर्देशनका आधारमा सरकारले घरेलु कामदार पठाउन प्रतिबन्ध लगाएको थियो। महिला अधिकारकर्मीले घरेलु महिला कामदारलाई विदेश जानबाट रोक्न नहुने भन्दै तत्काल प्रतिबन्ध हटाउन माग गर्दै आएका थिए। प्रतिबन्धसँगै अवैध बाटो हुँदै खाडी जाने कामदार झनै जोखिममा पर्ने गरेका छन्।

अवैधरूपमा विदेशिएका कामदार कुनै समस्यामा परे उद्धार तथा स्वदेश फिर्ताका समस्या हुने गरेको छ। यसको समाधानका लागि सरोकारवालासँग फलफल गरी छिट्टै निर्णयमा पुगिने मन्त्रालयको भनाइ छ।

# एनसेलद्वारा गज्जबको डेलि जीबी प्रयोगकर्ताका लागि क्यास ब्याक अफर ल्यायो

**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन।**

एनसेलका ग्राहकले अब डेटा प्रयोग गर्दा आकर्षक क्यास ब्याकको फाइदा लिन सक्छन्। एनसेल आजियाटा लिमिटेडले गज्जबको डेलि जीबी प्याक अन्तर्गतका तीन विभिन्न प्याकहरुमा रु २० देखि रु ६० सम्मको क्यास ब्याक अफर सञ्चालनमा ल्याएको छ। गजब्बको डेलि जीबी प्याक अन्तर्गतको क्यास ब्याक योजना सोमबार (फागुन ०९) देखि लागु भएको छ। यस आकर्षक योजना अन्तर्गत एनसेलका ग्राहकले ७ दिन वा ३० दिनसम्म दैनिक १ जीबी र ७ दिनसम्म दैनिक २ जीबीको गजब्बको डेलि जीबी प्याकको खरिदमा आकर्षक क्यास ब्याकको फाइदा लिन सक्छन्।

७ दिनका लागि मान्य रहने दैनिक १ जीबी गज्जबको डेटा प्याक ग्राहकले कर सहित मात्र रु १६९ मा सुचारु गर्न सक्छन्। यो प्याक सुचारु गर्ने ग्राहकले रु २० क्यास ब्याक अर्थात् बोनस ब्यालेन्स पाउँछन्। त्यसैगरि ग्राहकले कर सहित मात्र रु २६९ मा ७ दिनको समयसिमा रहेको दैनिक २ जीबी डेटा प्याक खरिद गर्न सक्छन्। यो प्याक सुचारु गर्ने ग्राहकले रु ३० को क्यास ब्याकबाट फाइदा लिन सक्छन्।

त्यस्तैगरी धेरै लामो समयसिमा रहेको डेटा प्याक प्रयोग गर्न चाहने ग्राहकले ३० दिनको समयसिमा रहेको दैनिक १ जीबी डेटा प्याक कर सहित मात्र रु ५९९ मा सुचारु गर्न सक्छन्। यो प्याक सुचारु गर्ने ग्राहकले रु ६० बोनस क्यास ब्याक पाउँछन्।

यस गज्जबको डेलि जीबी डेटा प्याक अन्तर्गत प्राप्त क्यास ब्याक ग्राहकले पे एज यू गो अन नेट भ्वाइस कल, एसएमएस र डेटा सेवा प्रयोग गर्न सक्छन्। ग्राहकले एस्ट्रिक्स१७२३ ह्यास डायल गरि प्राप्त निर्देशन अनुसार प्याक सुचारु गर्न सक्छन्। यो डेटा प्याक एनसेल एपबाट पनि सजिलै खरिद गर्न सकिन्छ।

गज्जबको डेलि जीबी डेटा प्याकमा क्यास ब्याक योजनाले डेटा बाहेक अन्य अन नेट सेवा प्रयोग गर्नका लागि ग्राहकहरुलाई राम्रो लाभ प्रदान गर्ने विश्वास एनसेलले लिएको छ।


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### ब्राजिलमा बाढी पहिरोबाट १७६ को मृत्यु, १०० हराए

ब्रासिलिया, १० फागुन (रासस/सिन्ह्वा)।

ब्राजिलको रियो डि जेनेरियो राज्यको पर्यटकीय सहर पेट्रोपोलिसमा गत साताबाट परेको भारी वर्षाका कारण मृत्यु हुनेको संख्या १७६ पुगेको स्थानीय अधिकारीले जनाएका छन्।

रियो डि जेनेरियो राज्यबाट ६८ किलो मिटर उत्तरमा अवस्थित पेट्रोपोलिस नगरपालिकामा जारी यस बाढीमा परेर अरु कम्तीमा १०० जना अझै पनि हराइरहेका उनीहरुले जानकारी दिएका छन्। माटोमा पुरिएका मानिसको खोजीमा उद्धार टोली दिनरात खटिरहेका छन्, अहिलेसम्म २४ जनाको उद्धार गरिएको छ।

यस क्षेत्रमा सबैभन्दा तीव्र वर्षा फेब्रुअरी १५ मा रेकर्ड गरिएको थियो। त्यसपछि धेरै पटक भारी वर्षा भएको छ। सोमबार दिनको समयमा वर्षाको लागि पूर्वानुमानको साथ, राष्ट्रिय मौसम विज्ञान संस्थानले रिपोर्ट गरेको थियो।

हालको रेकर्ड गरिएको मृत्युको संख्या यस सहरको इतिहासमा सबैभन्दा धेरै हो। सन् १९८८ मा विनाशकारी भारी वर्षाको कारण १७१ व्यक्तिको मृत्यु भएको थियो। यहाँ गएको करिब सात दिनदेखि वर्षा र त्यसका कारण बाढी पहिरोको प्रकोप जारी नै रहेको बताइएको छ। यहाँका स्थानीय अधिकारीले दिएको जानकारीअनुसार व्यापक वर्षाका कारण सडक बन्द भएका छन् र भने ठूलो मात्रामा भौतिक सम्पत्तिमा पनि क्षति पुगेको छ।

मंगलबार सातौँ दिन पनि वर्षा जारी छ। यसबाट हजारौँ मानिस प्रभावित बनेको अधिकारीले जनाएका छन्। यहाँका उद्धारकर्मीको भनाइअनुसार सबैभन्दा बढी क्षति पेटोपोलिस सहरमा भएको छ। यहाँ सन् १९३२ पछिको सबैभन्दा बढी वर्षा भएको छ। वर्षाका कारण यहाँ मानवीयका साथै अन्य भौतिक सम्पत्तिमा पनि क्षति पुगेको बताइएको छ। बाढी तथा डुबानका कारण करिब दर्जनौं घर क्षतिग्रस्त भएका र सयौं जनालाई प्रायःजसो विद्यालयमा आश्रय दिइएको बताइएको छ। विशेषज्ञको भनाइअनुसार जलवायु परिवर्तनको प्रभावले अहिले भारी मात्रामा वर्षा बढाइरहेको छ।

### सोमालियमा खडेरीका कारण खाद्य सहायताको आवश्यकता

मोगादिसु, १० फागुन (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसंघले सोमालियाका करिब ५५ लाख नागरिकका लागि तत्काल खाद्य सहायता उपलब्ध गराउनुपर्ने बताएको छ। यहाँ अहिलेसम्म करिब ५५ लाख मानिसले खाद्यान्नको अभाव झेलिरहेका र तीमध्ये १४ लाख बढी बालबालिका रहेका छन्।

संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी एजेन्सीले त्यहाँ विकराल बन्दै गएको र खडेरीका कारण लाखौं मानिस भोकमरीको गम्भीर अवस्था सामना गर्न बाध्य भएका बताएको छ।

सोमालियाका लागि राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी एजेन्सीका प्रतिनिधि आदम अब्देलमौलाले यहाँ अहिले ठूलो संख्याका मानिस खाद्यान्न अभावको चपेटामा परेका र उनीहरु खासगरी खडेरीका कारण यस्तो अवस्थामा परेका बताउनुभएको छ।

उहाँले चरम भोकमरीका कारण त्यहाँका पाँच वर्ष मुनिका लाखौं बालबालिसमेतका कुपोषित भएको र तत्काल उपचार नगरे उनीहरुको ज्यानै जानसक्ने बताउनुभयो।

त्यसैले राष्ट्रसङ्घले सहयोगका लागि अन्तरराष्ट्रिय समुदाय समक्ष अपिल गरेको पनि उहाँले बताउनुभएको छ। ती बालबालिकाका लागि आवश्यक खाद्यान्न र उपचारका लागि पनि तत्कालै सहयोग आवश्यक रहेको जनाइएको छ।

भोकमरीका कारण त्यहाँका करीब पाँच लाख मानिस खानेकुराको खोजीमा अन्य स्थान पलायन भइसकेका छन्। करीब २९ लाख मानिस देशभित्रै विस्थापित भएका छन्।

### भारतमा १३ हजार ४०० कोरोनाका नयाँ सङ्क्रमित

नयाँदिल्ली, १० फागुन (रासस/सिन्ह्वा)।

भारतमा पछिल्लो २४ घण्टामा १३ हजार ४०५ जना कोरोनाका नयाँ सङ्क्रमित थपिएका सरकारी अधिकारीले मङ्गलबार बिहान जानकारी दिएका छन्। यसैसँगै भारतमा कोरोना सङ्क्रमण सुरु भएयता हालसम्म चार करोड २८ लाख ५१ हजार ९२९ सङ्क्रमित भएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले मङ्गलबार जनाएको छ।

सोही अवधिमा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या भने ३४ हजार २२६ रहेको छ। एउटै अवधिमा कोरोनाभाइरसबाट नयाँ सङ्क्रमित भएकाको सङ्ख्याभन्दा सङ्क्रणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमितको सङ्ख्या घट्दै गएको छ। भारतमा कोरोनाका चार करोड २१ लाख ५८ हजार ५१० जना सङ्क्रमणमुक्त भएका छन्।

अधिकारीका अनुसार, भारतमा अहिले कोरोनाभाइरसबाट सक्रिय सङ्क्रमितको सङ्ख्या दुई लाख दुई हजार १३१ रहेको छ। पछिल्लो २४ घण्टामा मात्र २२ हजार ५६ सक्रिय सङ्क्रमित घटेका समाचारमा जनाइएको छ।

कोरोनाभाइरसका कारण भारतमा पछिल्लो एक दिनमा २३५को मृत्यु भएको पनि मन्त्रालयका अधिकारीले जनाएका छन्। यससँगै भारतमा कोरोना सङ्क्रमणको कारण हालसम्म पाँच लाख १२ हजार ३४४ को मृत्यु भइसकेको समाचारमा जनाइएको छ।

# माग सम्बोधन नभएको भन्दै मजदुर संघ आन्दोलित



**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन ।**

अखिल नेपाल विद्युतीय रिक्सा अटो टेम्पो मजदुर संघ सप्तरीले आफ्नो माग सम्बोधन नभएको भन्दै मंगलबार राजविराजमा मसाल जुलुस प्रदर्शन गरेको छ ।

स्थानिय शिवमन्दिरको प्राङ्गणबाट सो जुलुस निकालिएको हो । गत माघ १८ गते नगरको समस्याहरु बारे विभिन्न ८ सुत्रिय माग राख्दै राजविराज नगरपालिका कार्यालयमा बुझाएको ज्ञापन पत्रको सुनुवाई नभएको भन्दै पुन: सोही माग राख्दै फागुन ३ गते ध्यानाकर्षण पत्र बुझाएको थियो ।

तर, सो माग बारे हालसम्म कुनै सुनुवाई नभएको भन्दै मंगलबारदेखी संघ संघर्षमा उत्रेको हो ।

मजदुर संघले नगरको विभिन्न ठाउहरुमा स्टेण्ड कायम गर्न, राजविराज नगरक्षेत्रमा जतातत्तै खुलेको फुटपाथ पसलहरुलाई व्यवस्थित गर्न, छाडा पशु चौपाया नियन्त्रण गर्न कान्जी हाउस संचालन, सडकका पेटीहरु गरिएको अतिक्रमणलाई खाली गराउन, घर निर्माणका लागि बाटोमै राखिएको सामाग्रिहरुका कारण आवतजावतमा कठिनाई भइरहेकोमा त्यसलाई खाली गराउन, बस पार्क संचालन गर्न, हटियास्थित निर्माण भइरहेको गिलेशनको समय सीमा भित्र निर्माण गर्न अटेर गरेका ठेकेदारमाथी कारवाही तथा राजविराजमा यातायत व्यवस्था कार्यालयको शाखा कार्यालय संचालन गर्न माग गरेको छ ।

सो मागहरु नगरपालिकाले कार्यान्वयन गर्न उदासिनता देखाएको भन्दै मसाल जुलुस प्रदर्शन गर्नुका साथै १२ गते राजविराज नगरपालिकामा धर्ना तथा १३, १४ र १५ गते नगर क्षेत्रमा पर्चा पम्प्लेट बितरण, नाराबाजी र भण्डाफोर अभियान गर्ने जनाएको छ ।

# एमसीसी विरुद्ध प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन ।**

माओवादी केन्द्रको भातृ संगठन अनेरास्ववियु (क्रान्तिकारी) सप्तरीले अमेरिकी सहयोग परियोजना एमसीसी संसदमा पेश गरेको विरुद्ध राजविराजमा मगलवार प्रर्दशन गरेको छ ।

अनेरास्ववियु (क्रान्तिकारी)का केन्द्रिय सदस्य जयप्रकाश यादवको नेतृत्वमा निकालिएको जुलुसले अमेरिकी सहयोग परियोजना एमसीसीको विरुद्ध विरोध प्रर्दशन गरेका हुन ।

राजविराजस्थित शिव मन्दिरवाट निस्केको विरोध जुलुसले अमेरिकी सहयोग परियोजना एमसीसी खारेज गर, अमेरिकी साम्राज्यवाद मुर्दावाद, राष्ट्रिय स्वधिनताको रक्षा गर, देशी, बिदेशी दलाल होसीयारलगायतका नारावाजी गर्दै दशन चौकमा पुगेर कोण सभामा परिणत भएको थियो ।

सो सभामा पूर्व विधार्थी नेता मधुसुदन यादव, विनोद यादव, सुनिल मण्डल, अमरकान्त ठाकुर लगायत विद्यार्थी नेताले एमसीसीको बिरोध गरेका थिए ।

# महिला क्रिकेट खेलाडीलाई बेलायती कोचद्वारा प्रशिक्षण



**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन ।**

नेपाल क्रिकेट फाउन्डेसन र सप्तरी क्रिकेट संघको आयोजनामा मधेश प्रदेशस्तरिय महिला क्रिकेट खेलाडीहरूलाई बेलायती कोचबाट प्रशिक्षण सुरू गरिएको छ ।

महिला क्रिकेट खेलाडी उत्पादन गर्ने उद्देश्यले राजबिराजमा फागुन ८ गते देखि मधेश प्रदेश का ५ जिल्ला सम्मिलत ३५ जना महिला खेलाडीलाई प्रशिक्षण सुरू गरिएको सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठले जानकारी दिएका छन् ।

राजबिराजस्थित स्थानिय पबि माबि खेल मैदानमा बेलायतस्थित ईंग्लयान्ड क्रिकेट बोर्डको लेवल थ्रि कोच लिबुथ र सारा बेग साथै बेलायतको लर्डस्थित मारलिब्रोनका निर्देशक एगंगुस बेरीले प्रशिक्षण दिदैछन ।

समुदायमा महिलाहरूलाई क्रिकेट प्रति उत्प्रेरणा जगाउन तथा खेलमा सहभागिता जनाउनुका लागि र जिल्लामा महिला क्रिकेट खेलाडीहरू उत्पादन गर्ने उद्देश्यले प्रशिक्षित गर्न लागेको क्रिकेट संघका सचिव चन्दनकुमार यादबले बताए ।

नेपाल क्रिकेट फाउन्डेशनका कार्यकारी निर्देशक अभिषेक श्रेष्ठ र बोर्डका सदस्य बिना झाको उपस्थितिमा प्रशिक्षण गर्न दिइदै छ ।

यसैगरी मधेश प्रदेश स्तरिय दुई दिने प्रशिक्षकहरूलाई प्रशिक्षण गर्ने तालिम समेत रहेको फाउन्डेशनका निर्देशक अभिषेकले बताए ।

**सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।**

- आफुले प्रयोग गर्ने मोबाईल, कम्प्युटर जस्ता विद्युतीय उपकरण प्रयोग गरिसकेपछि सधैं लगआउट गरौं ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरीचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाऔं ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा पोष्ट वा शेयर नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारीता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं ।

सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसवाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*